काठमाडौँ महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
५२औं नगर कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण

बैठक संख्या ५२ मितिः २०८३।३।४

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रमुखको सचिवालय | आर्थिक वर्ष २०८३।८४ को कार्यक्रम तथा बजेट नगर सभामा पेश गर्ने सम्बन्धमा । | आगामी आर्थिक वर्ष २०८३।८४ को लागि काठमाडौँ महानगरपालिकाको राजश्व र व्यय (कार्यक्रम तथा बजेट) को अनुमान नगर सभा को १९औं अधिवेशनको तेश्रो बैठकमा कार्यवाहक प्रमुखबाट पेश गर्ने । |
| २ | प्रमुखको सचिवालय | काठमाडौँ महानगरपालिका विनियोजन विधेयक, २०८३ नगर सभामा पेश गर्ने सम्बन्धमा | काठमाडौँ महानगरपालिका विनियोजन विधेयक, २०८३ नगर सभाको १९औं अधिवेशनको तेश्रो बैठकमा कार्यवाहक प्रमुखबाट पेश गर्ने । |
| ३ | प्रमुखको सचिवालय | काठमाडौँ महानगरपालिका आर्थिक विधेयक, २०८३ नगर सभामा पेश गर्ने सम्बन्धमा । | काठमाडौँ महानगरपालिका आर्थिक विधेयक, २०८३ नगर सभाको १९औं अधिवेशनको तेश्रो बैठकमा कार्यवाहक प्रमुखबाट पेश गर्ने । |
| | विविध | | |
| (क) | प्रशासन विभाग | बागलुङ नगरपालिकासँग भगिनी सम्बन्ध कायम सम्बन्धमा । | भगिनी सम्बन्ध कायम गर्न बागलुङ नगरपालिकाबाट गरिएको प्रस्तावलाई स्वीकार गरी दुई नगर वीचको भगिनी सम्बन्ध कायम गर्न समझदारी पत्र लगायतका आवश्यक व्यवस्थापकीय कार्य गर्ने । |
| (ख) | प्रशासन विभाग | नक्सापास दस्तुर छुट सम्बन्धमा । | श्री सदर प्रहरी प्रधान तालिम केन्द्रको नाममा रही नेपाल प्रहरी अस्पतालले भोगचलन गरी आएको कि.नं. १२४ क्षे.फ. ७३१८.०५ वर्गमिटर जग्गामा नेपाल प्रहरी अस्पताल को ब र ह्य गरी २०५५१.२१ व.फि. र ९८६१.७१ व.फि. भवन निर्माणको लागि नक्सा पास वापत लाग्ने जम्मा दस्तुर रु. १०,६८,४५२।२ भएकोमा काठमाडौँ महानगरपालिका राजश्व छुट, मिनाहा सम्बन्धी मापदण्ड, २०७८ को दफा ९ उपदफा (१) बमोजिम दश प्रतिशतले हुन आउने रु. १,०६,८४५।२२ सेवा शुल्क लिई नक्सापास दस्तुर छुट दिने । |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| (ग) | राजश्व विभाग | राजश्व समितिको प्रतिवेदन, २०८३ सम्बन्धमा । | "काठमाडौँ महानगरपालिका राजश्व परामर्श समिति मार्फत् पेश भएको राजश्व समितिको प्रतिवेदन, २०८३ सम्बन्धमा छलफल भई जानकारी भया |
| (घ) | सामाजिक विकास विभाग | विश्व प्रसिद्ध कान्स फिल्म फेस्टिबलमा Un Certain Regard विधामा Jury Prize विजेता नेपाली चलचित्र Elephants in The Fog टोलीलाई नगद सहित सम्मान सम्बन्धमा | प्रस्तावमा पेश भए बमोजिम Elephants in The Fog नेपाली चलचित्र निर्माण गर्ने संस्था मार्फत सम्बद्ध चलचित्र टोलीलाई प्रतिभा तथा कलाकार सम्मान वापत एकमुष्ट १० लाख रुपैया उपलब्ध गराउने |